## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)


# बबई राजपत्र

**बबई गाउँपालिकाद्वारा प्रकाशित**

खण्डः ६ बबई दाङ, संख्याः ६ मितिः २०७९/१०/०४


### भाग-२

### बबई गाउँपालिका

# एक शिक्षण संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७९

# एक शिक्षण संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७९

१. **प्रस्तावनाः** राष्ट्रिय युवा निति, २०७२ र युथ भिजन, २०२५ निर्देशित गरे अनुसार उद्यमशीलता मार्फत सार्वजनिक शिक्षाको सबलीकरणका लागि शिक्षण संस्था मार्फत "एक शिक्षण संस्था एक उद्यम कार्यक्रम" लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने उद्देश्यले बबई गाउँपालिकाले यो कार्यविधि बनाईएको छ ।

२. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम एक शिक्षण संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ रहेको छ ।

(२) यो कार्यविधि बबई गाउँपालिका गाउँकार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

३. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) " एक शिक्षण संस्था उद्यम कार्यक्रम "भन्नाले बबई गाउँपालिका भित्रका सामुदायिक माध्यामिक विद्यालयमा उद्यमशीलता विकासका लागि सञ्चालित कार्यक्रम सम्झनु पर्दछ ।

(ख) " मन्त्रालय " भन्नाले युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्दछ ।

(ग) " शिक्षण संस्था " भन्नाले एक शिक्षण संस्था एक उद्यम कार्यक्रम लागू भएको शिक्षण संस्था सम्झनु पर्दछ ।

(घ) " विद्यार्थी उद्यमी क्लब " भन्नाले एक शिक्षण संस्था एक उद्यम कार्यक्रम संचालनका लागि गठन गरिएको विद्यार्थी उद्यमी क्लब सम्झनु पर्दछ ।

(ङ) " उद्यम कोष " भन्नाले एक शिक्षण संस्था एक उद्यम कार्यक्रम लागू भएका शिक्षण संस्थामा उद्यम सञ्चालनका लागि स्थापित कोष सम्झनु पर्दछ ।

(च) " उद्यम कोष सञ्चालक समिति " भन्नाले उद्यम कोष सञ्चालन गर्ने समितिलाई सम्झनु पर्दछ ।

(ज) " संरक्षक समिति "(छ) " संरक्षक समिति " भन्नाले एक संस्था एक उद्यम कार्यक्रमको संरक्षणका लागि गठित समिति सम्झनु

पर्दछ ।

(ज) " साझेदार संस्था " भन्नाले एक शिक्षण संस्था एक उद्यम कार्यक्रम सञ्चालनका लागि प्राविधिक सेवा र सहयोग उपलब्ध गराई साझेदारीमा काम गर्ने संस्थालाई सम्झनु पर्दछ ।

(झ) " पूर्व विद्यार्थी मञ्च " भन्नाले विगतमा सम्बन्धित शिक्षण संस्थामा अध्ययन गरी हाल विभिन्न निकाय तथा क्षेत्रमा रहेका विद्यार्थीहरुबाट गठन भएको मञ्च सम्झनु पर्दछ ।

(ञ) " विज्ञ " भन्नाले सम्बन्धित विषयमा ज्ञान, सिप, अनुभव र दक्षता भएको व्यक्ति सम्झनु पर्छ ।

(ट) " विद्यार्थी कल्याण कार्यक्रम "  भन्नाले विद्यार्थीको शिक्षण उपलब्धि वृद्धि गर्ने विद्यार्थी प्रोत्साहनका कार्यक्रमहरु सम्झनु पर्छ ।

४. **उद्देश्यः** एक शिक्षण संस्था एक उद्यमकार्यक्रमकोप्रमूख उद्देश्य उद्यमशीलता मार्फत सार्वजनिक शिक्षाको सबलिकरण गर्नु हो भने अन्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

क)  शिक्षण संस्था मार्फतसामाजिक रुपान्तरण गर्ने ।

ख)  शिक्षण संस्थालाई उद्यम गर्ने सिकाई स्थलको रुपमा विकास गर्ने ।

ग)  सार्वजनिक शिक्षामा गुणस्तर ,नवप्रवर्तन तथा उद्यमशीलता विकास गरी शिक्षण रुपान्तरण गर्ने ।

घ)सार्वजनिक शिक्षाको सबलीकरण गर्ने ।

५. **लक्षित शिक्षण संस्थाः** बबई गाउँपालिका भित्रका सामुदायिक माध्यामिक विद्यालयहरु लक्षित शिक्षण संस्था हुनेछन् ।

६. **उद्यम क्षेत्रः** शिक्षण संस्थाले उद्यम गर्न सकिने व्यावसायिक क्षेत्रहरु देहाय बमोजिम रहनेछन् ।

क) कृषि तथा पशुपञ्छिमा आधारित उद्यम व्यवसाय,

ख) विज्ञान तथा सूचना प्रविधि र सञ्चारमा आधारित उद्यम व्यवसाय,

ग) पर्यटन प्रवर्द्धन (होटल,होमस्टे,रिसोर्ट )मा आधारित उद्यम ब्यवसाय ,

घ) निर्माणमा आधारित उद्यम व्यवसाय,

ङ) कलामा आधारित उद्यम व्यवसाय,

च) संस्कृति,साहित्य सृजना,गीतसंगीतमा आधारित भई गरिने उद्यम व्यवसाय,

छ) विद्यलयको आवश्यक्ता महशुस गरी छनौट गरिने अन्य उद्यम व्यवसाय,

७. **विद्यार्थी उद्यमी क्लबः** १) एक शिक्षण संस्था एक उद्यम कार्यक्रम लागू गरिएका विद्यालयमा कक्षा ९,१०,११र १२कक्षामा अध्यनरत छात्र तथा छात्रा तर्फको प्ररथम विद्यार्थी तथा विद्यालयले तोकेका अन्य ७ जना विद्यार्थी सम्मिलित १५ सदस्यीय विद्यार्थी उद्यमी क्लब रहनेछ ।

२) विद्यार्थी उद्यमी क्लबको काम,कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ ।

क) एक शिक्षण संस्था एक उद्यम कार्यक्रम सञ्चालन ,रेखदेख र व्यवस्थापन गर्ने ।

ख) एक शिक्षण संस्था एक उद्यम कार्यक्रम सञ्चालनको लागि सरोकारवालाहरु सँग सहकार्य,समन्वय ,  साझेदारी गर्ने।

ग) एक शिक्षण संस्था एक उद्यम कार्यक्रमको लागि उपयुक्त उद्यम छनौट गर्ने ।

घ) एक शिक्षण संस्था एक उद्यम कार्यक्रमको कार्ययोजना बनाई लागु गर्ने ।

ङ) एक शिक्षण संस्था एक उद्यम कार्यक्रमको प्रोफाइल बनाई अभिलेख अद्यावधिक गर्ने ।

च) कम्तिमा वर्षको २ पटक अभिभावकहरुलाई सम्बन्धित उद्यमको विषयमा अभिमूखिकरण गर्ने ।

छ) उद्यम कोषबाट थप उद्यम विस्तार ,उद्यमशीलता विकास तथा विद्यार्थी कल्याणका कार्यक्रम गर्ने ।

**८. उद्यम कोषको सञ्चालनः** १) एक शिक्षण संस्था एक उद्यम कार्यक्रम लागू भएका शिक्षण संस्थामा उद्यम सञ्चालनका लागि स्थापित उद्यम कोष रहनेछ ।उक्त कोष सञ्चालन गर्नको लागि देहाय बमोजिम उद्यम कोष सञ्चालक समिति रहनेछ।

क) विद्यालयको प्रधानाध्यापक — अध्यक्ष

ख) उद्यमी विद्यार्थी क्लबका अध्यक्ष— सदस्य

ग) विद्यालयको लेखा हेर्ने कर्मचारी — सदस्य सचिव

२) उद्यम कोष सञ्चालक समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ ।

क) उद्यम कोष सञ्चालन,रकम परिचालन र लेखाङ्कन गर्ने ।

ख) उद्यम कोषको आम्दानीबाट विद्यार्थी कल्याणका कार्यक्रम गर्न ५० प्रतिशतमा नबढ्ने गरी रकम

निकासा गर्ने ।

ग) उद्यम कोषको विस्तार ,संरक्षण,संवर्द्धन गर्ने ।

घ) उद्यम कोषमा जम्मा भएको रकमको उच्चतम सदुपयोग गर्ने ।

ङ) अन्य आवश्यक कामहरु गर्ने गराउने ।

३) उद्यम कोषमा देहाय बमोजिमको रकम जम्मा गर्नुपर्नेछ ।

क) शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीका अभिभावकहरुबाट उद्यम गर्न वार्षिक रुपमा संकलित रकम

ख) संघीय सरकारबाट र प्रदेश सरकारबाट प्राप्त अनुदान

ग) उद्यमबाट प्राप्त आम्दानी

घ) पूर्व विद्यार्थी मञ्चबाट उद्यम सञ्चालनार्थ स्वच्छिक रुपमा प्राप्त रकम

ङ)सम्बन्धित स्थानीय तहबाट प्राप्त रकम

च) अन्य व्यक्ति संघसंस्थाबाट अनुदान स्वरुप प्राप्त रकम

४. उद्यम कोषबाट देहायनुसार खर्च गर्न सकिनेछ । उद्यम कोषको सम्पूर्ण आम्दानी उद्यम सञ्चालन ,विस्तार ,तथा प्रवर्द्धन खर्च गर्नु पर्नेछ । उद्यमकोषको आम्दानी ५० प्रतिशतमा नबढ्ने गरी विद्यार्थी कल्याणका कार्यक्रममा खर्च गर्न सकिनेछ ।

**९.संरक्षण समितिको गठनः** १) एक शिक्षण संस्था एक उद्यम कार्यक्रमको संरक्षकका रुपमा देहाय बमोजिम एक संरक्षक समिति रहनेछ ।

| | | |
|---|---|---|
| क) | विद्यालय व्यवस्थापन समितिका अध्यक्ष | अध्यक्ष |
| ख) | विद्यालय रहेको वडाको वडाध्यक्ष | सदस्य |
| ग) | विद्यालयको प्रधानाध्यापक | सदस्य सचिव |

**२) संरक्षक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

क) अभिभावकहरुलाई कार्यक्रमको विषयमा अभिमूखिकरण गरी उद्यम कोषमा रकम जुटाउने ।

ख) एक शिक्षण संस्था एक उद्यम कार्यक्रमलाई आवश्यक पर्ने सहयोग जुटाउने ।

ग) विद्यार्थी उद्यमी क्लबलाई उद्यम सञ्चालनको लागि सबै प्रकारको सहजिकरण ,क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने गराउने ।

घ) एक शिक्षण संस्था एक उद्यम कार्यक्रमको समग्र अनुगमन मूल्याङ्कन तथा उद्यम प्रोफाइल तयार गरी सम्बन्धित निकायमा पेश गर्न लगाउने ।

**१०.शिक्षण संस्था छनौटका आधारहरुः** १)दफा ६ मा उल्लेखित उद्यम क्षेत्रहरु मध्ये कुनै एक क्षेत्रमा उद्यम गर्न इच्छुक शिक्षण संस्थालाई उद्यम सञ्चालन गर्नका लागि देहायका छनौटका आधारहरु निर्धारण गरिएको छ ।

| क.स | छनौटका आधारहरु | बढीमा १०० अंक |
|---|---|---|
| १ | उद्यम परियोजना प्रस्ताव | ४० |
| २ | उद्यम कोष स्थापना भएको | ५ |
| ३ | उद्यमी विद्यार्थी क्लबको गठन भएको | ५ |
| ४ | पूर्व विद्यार्थी मञ्च गठन भएको | १० |
| ५ | सम्बन्धित वडाको सिफारिस | ५ |
| ६ | विद्यालय व्यवस्थापन समितिको प्रतिवद्धता | ५ |
| ७ | भौतिक पूर्वाधार(पानी ,विजुली,जग्गा ) | २० |
| ८ | माध्यामिक तहको विद्यार्थी संख्याल(९—१२) | १० |

**११.सूचना प्रकाशनः** १) एक शिक्षण संस्था एक उद्यम कार्यक्रममा सहभागिताका लागि बबई गाउँपालिकाको

कार्यालय बाट इच्छुक शिक्षण संस्थाहरुको जानकारीका लागि १५ दिने सार्वजनिक सूचना प्रकाशन

गरिनेछ ।

२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि एक शिक्षण संस्था एक उद्यम कार्यक्रम सञ्चालन गर्न चाहने विद्यालयहरुको अनुसूची १ बमोजिमको ढाँचामा निवेदन र अनुसूची २ बमोजिमको ढाँचामा उद्यमको व्यावसायिक परियोजना प्रस्ताव पेश गर्नुपर्नेछ ।

३) **शिक्षण संस्था छनौट समितिः** बबई गाउँपालिकाको कार्यालयमा प्राप्त भएका प्रस्ताव र व्यावसायीक योजना मूल्याङ्कन गरी छनौट गर्न सम्बन्धित क्षेत्रको विज्ञ समेत रहने गरी गाउँ शिक्षा समिति मार्फत शिक्षण ससंस्था छनौट गर्नुपर्नेछ ।

४) शिक्षण संस्था छनौट समितिले जिल्ला युवा समितिका अध्यक्षलाई अनिवार्य रुपमा आमन्त्रण गर्नुपर्नेछ ।

५) शिक्षण संस्था छनौट समितिकको बैठक सम्बन्धी कार्यविधि र छनौट सम्बन्धी आवश्यक मापदण्ड सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६) शिक्षण संस्था छनौट समितिले प्राप्त उद्यम परियोजना प्रस्ताव उपर छानविन तथा आवश्यकता अनुसार विद्यालयको स्थलगत अनुगमन समेत गर्न सक्नेछ ।

**१२. उद्यम सम्झौताः** (१) शिक्षण संस्था छनौट समितिबाट छनौट भएका शिक्षण संस्था र बबई गाउँपालिका बीच तोकिय बमोजिमको ढाँचामा सम्झौता गरिनेछ ।

**१३.प्रतिवेदनः** (१) शिक्षण संस्थाले एक शिक्षण संस्था एक उद्यम कार्यक्रम सञ्चालन गर्न गरेको सम्झौता भएको एक महिना भित्र प्रारम्भिक प्रतिवेदन बबई गाउँपालिका शिक्षा,युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ । त्यसपछि चौमासिक रुपमा वित्तीय र भौतिक प्रगति पठाउनु पर्नेछ ।

**१४.लेखापरीक्षणः** (१) एक शिक्षण संस्था एक उद्यम कार्यक्रमको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा र छुट्टै राखु पर्नेछ ।

(२) उद्यमको आर्थिक कारोबारकव लेखापरीक्षण शिक्षण संस्थाले सूचिकृत गरेका दर्तावाल लेखापरीक्षक मध्येबाट गराउनु पर्नेछ ।

(३) लेखा परीक्षकको प्रतिवेदनलाई सामाजिक लेखापरीक्षण गरी सार्वजनिक गर्ने दायित्व सम्बन्धित शिक्षण संस्थाको हुनेछ ।

**१५.अनुगमन तथा मूल्याङ्कनः** (१) एक शिक्षण संस्था एक उद्यम कार्यक्रमको अनुगमन सम्बन्धित अभिभावक ,विद्यालय व्यवस्थापन समिति ,शिक्षक अभिभावक संघ र बबई गाउँपालिकाबाट समेत गरिनेछ । यसको अभिलेख विद्यार्थी उद्यमी क्लबले राखुपर्नेछ ।

(२) आवश्यकता अनुसार प्रदेश सरकार केन्द्रिय निकाय तथा सरोकारवाला पक्षबाट पनि कार्यक्रमको

प्रभावकारिताका लागि अनुगमन निरीक्षण र अध्ययन समेत गरी पृष्ठपोषण तथा सुझावहरु लिन सक्नेछ ।

**१६.पुरस्कारः** गाउँपालिकाले एक शिक्षण संस्था एक उद्यम कार्यक्रमलाई प्रभावकारी नतिजामुखी बनाउन निम्न सूचकका आधारमा उच्चतम अङ्क हाँसिल गर्ने शिक्षण संस्थालाई नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्न सक्नेछ ।

(क) अधिकतम रोजगार सिर्जनाको अवस्था,

(ख) स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग,

(ग) निर्यातमा वृद्धि र आयातमा प्रतिस्थापनमा सहयोग पुऱ्याएको,

(घ) उत्पादन गरिएका सामाग्रीहरुको गुणस्तर,

(ङ) उद्यम मार्फत नवप्रवर्तन तथा उद्यमशीलता विकास,

(च) अभिभावक,स्थानीय समुदाय तथा क्षेत्रमा पारेको सकारात्मक प्रभाव,

(छ) उद्यम कोषमा भएको रकम वृद्धिको अवस्था,

(ज) कार्ययोजना अनुसार कार्य सम्पादन,

**१७. दण्ड सजायः**(१) एक शिक्षण संस्था एक उद्यम कार्यक्रम छनौट भएको शिक्षण संस्थाले प्रस्ताव गरिए बमोजिमको सम्झौता गर्न नआएमा त्यस्ता शिक्षण संस्थालाई पालिकाबाट सञ्चालन गरिने कार्यक्रमहरुमा सहभागी गराईने छैन ।

(२) शिक्षण संस्थासँग सम्झौता भईसकेपछि सम्झौता अनुसार गुणस्तरीय कार्य सम्पन्न नगरेमा तथा दिइएको बजेट हिनामिना गरेमा उक्त शिक्षण संस्थाबाट क्षतिपूर्ति समेत भराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिनेछ ।

**१८. विविधः** यस कार्यविधि बमोजिम एक शिक्षण संस्था एक उद्यम कार्यक्रम आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**१९. निर्देशनको पालनाः** संघ, प्रदेश तथा स्थानीय सरकारले  दिइएको निर्देशनको पालना गर्नु पर्नेछ ।

**२०. कार्यढाँचा संसोधन गर्न सक्नेः** आवश्यकता  अनुसार गाउँकार्यपालिका बाट कार्यढाँचा संसोधन गर्न सकिनेछ ।

**२१. वाधा अड्काउ फुकाउनेः** यो कार्यक्रम कार्यान्वयनमा कुनै बाधा आइपरेमा गाउँ कार्यपालिका बाधा

अड्काउ फुकाउन सकिनेछ ।

## अनुसूची १

### (दफा ११को उपदफा २ सँग सम्बन्धित )

### एक शिक्षण संस्था एक उद्यम कार्यक्रम सञ्चालन गर्न चाहने विद्यालयहरुको लागि निवेदनको ढाँचा

श्रीमान् अध्यक्ष ज्यु,

बबई गाउँपालिका

हापुरे दाङ्ग ।

महोदय,

त्यस पालिकाबाट मिति.......................... मा प्रकाशित सूचना अनुसारको हाम्रो विद्यालयमा " एक शक्षण संस्था एक उद्यम कार्यक्रम " सञ्चालन गर्ने ईच्छा भएकोले निम्न विवरण सहित देहायका कागजातहरु संलग्न गरी यो प्रस्ताव पेश गरिएको छ ।

१ . विद्यालयको नाम र ठेगानाः

२. प्रधानाध्यापकको नाम र सम्पर्क नः

३. उद्यमी विद्यार्थी क्लबका अध्यक्षको नाम र सम्पर्क नः

४. उद्यम गर्न चाहेको व्यवसायीक क्षेत्रः

५. कक्षागत विद्यार्थी विवरण (कक्षा ९-१२)

६. जग्गा सम्बन्धी विवरणः

क. विद्यालयको नाममा रहेको,

ख. विद्यालयको हकभोग प्राप्त,

ग. वर्तमानमा उपयोगको अवस्था,

७. भौतिक पूर्वाधार सम्बन्धी विवरणः

क. कक्षा कोठा संख्या,

ख. कक्षाकोठा उपयोगको अवस्था

ग. प्रयोगशालाको अवस्था,

घ. पानी विजुलीको उपलब्धता,

८. उपलब्ध अन्य साधन स्रोतको विवरण

९. उद्यम कोष सम्बन्धी विवर,

क. कोष रहेको बैंकको नामः

ख. कोष सञ्चालकको नामः

ग. खाता नः

| | |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| उद्यमी विद्यार्थी क्लब अध्यक्षको नामः | प्रधानाध्यापकको नामः |
| मितिः | मितिः |

नोटः व्यावसायिक परियोजना प्रस्ताव अनुसूची २ बमोजिम पेश गर्नु पर्नेछ ।

अनुसूचि २

(दफा ११ को उपदफा २ संग सम्बन्धित )

**व्यावसायिक परियोजना प्रस्तावको नमूना ढाँचा**

| **क.स** | **विवरण** | **विवरणको विस्तृतीकरण** |
|---|---|---|
| १ | उद्यमको नाम ,संक्षिप्त परिचय र उद्देश्य | विद्यार्थी उद्यमी क्लबको नामः................................<br>उद्यमको संक्षिप्त परिचय (उद्यमको नाम,पृष्ठभूमि)................<br>उद्यमको उद्देश्य...................................<br>उद्यमको क्षेत्र...............................<br>उद्यमबाट उत्पादन हुने बस्तुको नाम.......................... |
| २ | उद्यम सञ्चालन हुने स्थान | प्रदेश लुम्बिनी जिल्ला दाङ्ग<br>गा.पा बबई वडा नं ...................... टोल.............. |
| ३ | उद्यममा संलग्न हुने अनुमानित जनशक्ति | छात्र..............................<br>छात्रा............................<br>जनशक्तिको प्राप्ति...............................<br>(स्थानीय स्तर वा बाह्य............................. |
| ४ | प्रयोग हुने कच्चा पदार्थ | कच्चा पदार्थको नाम.........................................<br>स्रोत(स्थानीय वा बाह्य)....................................... |
| ५ | प्रयोग हुने मेसिनरी औजारको विवरण | नाम .................................<br>अनुमानित लागत................................<br>स्रोत...............................(स्थानीय/बाह्य) |
| ६ | उद्यमका लागि अनुमानित लागत | कूल रु....................................<br>चल पुँजी रु.................................... |

| | | |
|---|---|---|
| | | अचल पुँजी रु................................<br>अचल पुँजीको नाम .....................................<br>आफ्नो लगानी ..................................<br>बाह्य लगानी .................................. |
| ७ | उत्पादित वस्तुको बजार क्षेत्र | बजारको नाम.......................<br>(स्थानीय/जिल्ला/प्रदेश/राष्ट्रिय)<br>दुरी.......................<br>ढुवानी खर्च...........................<br>लक्षित ग्राहकहरु ............................<br>प्रतिस्पर्धाको अवस्था..............................<br>बजार विकासको सम्भावना....................... |
| ८ | व्यवसायबाट हुने अनुमानित आम्दानी | जम्मा वार्षिक अनुमानित आम्दानी रु.......................<br>जम्मा अनुमानित वार्षिक खर्च............................<br>वार्षिक अनुमानित नाफा रु.................. |
| ९ | रोजगारी पाउने विद्यार्थी अनुमानित संख्या(विद्यार्थी उद्यमी क्लब बाहेक) | छात्र.......................<br>छात्रा.................<br>अन्य..................<br>जम्मा................ |
| १० | उद्यम सञ्चालन गर्न आवश्यक प्राविधिक जनशक्तिको उपलब्धता | उपलब्ध रहेको ...............<br>उपलब्ध नरहेको ............................ |
| ११ | अन्य प्रविधिको प्रयोग | .............................................. |
| १२ | उद्यमको कार्यान्वयन योजना (५वर्षको) | ............................ |